अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

**बैठक संख्या:** १७/०७८/०७९ **मिति:**२०७९/०२/२२

**अध्यक्षता:** प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ्ग

**उपस्थिति:**

| | | |
|---|---|---|
| प्रमुख | श्री बलदेवसिंह गोम्देन तामाङ्ग | उपस्थित |
| उप प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

**आमन्त्रित**

| | | |
|---|---|---|
| अधिकृत छैठौं | श्री चुडामणी निरौला | उपस्थित |
| सहायक चौथो | श्री सौजन कटुवाल | उपस्थित |

**मिति २०७९/०२/२२ गते बसेको अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिम निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।**

१. अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

२. स्थानीय तह सदस्यको पहिलो निर्वाचन,२०७४ बाट अर्जुनधारा नगरपालिकामा निर्वाचित हुनु भएका जनप्रतिनिधिहरुले सफलतापूर्वक आफ्नो कार्यकाल पुरा गर्नु भएको सम्बन्धमा विगत ५ वर्षसम्म जनप्रतिनिधिको रुपमा रहेर अर्जुनधारा नगरपालिकाको विकास निर्माण तथा सेवा प्रवाहमा पुर्याउनु भएको योगदानको उच्च मूल्याङ्कन गर्दै एक कार्यक्रम आयोजना गरी उहाँहरुलाई सम्मान गर्ने र नगरपालिकाको तर्फबाट मायाको चिनो हस्तान्तरण गरी विदाई गर्ने निर्णय गरियो ।

३. भूमिहीन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको लगत सङ्कलन सम्बन्धि कार्यविधि, २०७८ को दफा ४ को उपदफा (२) बमोजिम भूमिहीन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको स्थलगत रुपमा तथ्याङ्क सङ्कलन तथा नापनक्सामा सहजिकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुर्याउनका लागि गठन गर्नुपर्ने वडास्तरीय भूमीहीन र अव्यवस्थित बसोवासी व्यवस्थापन सहजिकरण समिति यही जेष्ठ मसान्त भित्रमा सबै वडामा गठन गर्ने निर्णय गरियो ।

४. स्थानीय सरकार सञ्चालन (संशोधन सहित) ऐन, २०७४ को दफा ६५ को उपदफा (१) बमोजिम अर्जुनधारा नगरपालिकामा स्थानीय राजश्व परामर्श समितिको गठन गर्न कार्यपालिकाले तोक्नुपर्ने एक महिला सहित दुई जना सदस्यका लागि देहाय बमोजिम कार्यपालिका सदस्यहरुलाई मनोनयन गर्ने निर्णय गरियो ।

(१) वडा अध्यक्ष, वडा नं ६ श्री हरिश्चन्द्र बास्तोला
(२) कार्यपालिका सदस्य श्री मुना खत्री

साथै, स्थानीय सरकार सञ्चालन (संशोधन सहित) ऐन, २०७४ को दफा ६६ को उपदफा (१) बमोजिमको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति तथा अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ बमोजिम गठन हुने विषयगत समितिमा देहाय बमोजिमका सदस्यहरुलाई जिम्मेवारी तोक्नु भएको व्यहोरा नगरप्रमुखज्यूले तोक्नुपर्ने सदस्यहरुमा कार्यपालिकाका देहायका सदस्यहरुलाई तोकिएको व्यहोरा बैठकमा जानकारी भयो ।

| सि.नं. | समिति | जिम्मेवारी तोकिएका पदाधिकारी | पद |
|---|---|---|---|
| १ | श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति | १. वडा अध्यक्ष, वडा नं ७ श्री गोविन्द खतिवडा<br>२. वडा अध्यक्ष, वडा नं ९ श्री भीष्म मिश्र<br>३. वडा अध्यक्ष, वडा नं १० श्री भुपेन्द्र नेउपाने<br>४. कार्यपालिका सदस्य श्री विमला रोक्का | सदस्य |
| २ | सार्वजनिक सेवा तथा क्षमता विकास समिति | श्री चन्द्रकुमारी तामाङ्ग | संयोजक |
| ३ | विधेयक समिति | श्री चन्द्रमाया तामाङ्ग | संयोजक |
| ४ | पूर्वाधार विकास समिति | श्री नरेन्द्र राई | संयोजक |
| ५ | वातावरण तथा विपद् व्यवस्थापन समिति | श्री सन्तोष मेचे | संयोजक |
| ६ | सामाजिक विकास समिति | श्री कौशिलाल परियार | संयोजक |
| ७ | आर्थिक विकास समिति | श्री गौरिमाया चिमरिया | संयोजक |

५. अर्जुनधारा नगरपालिकाको आगामी आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सम्बन्धमा राय सुझाव संकलन गर्नका लागि यस नगरपालिकाका निवर्तमान जनप्रतिनिधि लगायत विभिन्न क्षेत्रका प्रतिनिधि तथा सरोकारवालाहरुसँग आगामी २०७९ साल आषाढ १, २ र ३ गते छलफल आयोजना गरी सुझाव संकलन गर्ने निर्णय गरियो ।